# आठराई त्रिवेणी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हाङपाङ, ताप्लेजुङ

पत्र संख्याः २०८२/८३
सूचना नं. ०१

## सेवा करारमा पदपूर्ति सम्वन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०५/१५)

आठराई त्रिवेणी गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय अनुसार नेपाल सरकार शसर्त अनुदान कार्यक्रम अन्तर्गत "म स्वस्थ मेरो समुदाय स्वस्थः घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम" का लागि साथै यस गाउँपालिकाद्वारा स्वीकृत भएको सेवा करारमा प्राविधिक व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ बमोजिम गाउँपालिकामा रिक्त रहेका तपशील बमोजिमको पदमा करार सेवामा नियुक्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरूबाट आवेदनको लागि मिति २०८२/०५/१५ बाट ७ दिनको लागि प्रथम पटक सूचना प्रकाशन गरी दरखास्त आह्वान गरिएको छ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

| क.सं. | विज्ञापन नं. | पद | तह | माग संख्या | दरखास्त दस्तुर | कार्यक्षेत्र |
|---|---|---|---|---|---|---|
| १. | ०१/०८२-८३ | जनस्वास्थ्य अधिकृत | अधिकृत सातौं | १ | १५०० | गाउँपालिका कार्यालय |
| २. | ०२/०८२-८३ | हे.अ. | सहायक पाँचौ | १ | ५०० | गाउँपालिका कार्यालयले खटाएको क्षेत्र |
| ३ | ०३/०८२-८३ | मनो सामाजिक परामर्शकर्ता | सहायक पाँचौ | १ | ५०० | गाउँपालिका कार्यालय |
| ४ | ०४/०८२-८३ | अ.हे.ब. | सहायक चौथो | १ | ४०० | गाउँपालिका कार्यालयले खटाएको क्षेत्र |
| ५ | ०५/०८२-८३ | अ.न.मी. | सहायक चौथो | १ | ४०० | गाउँपालिका कार्यालयले खटाएको क्षेत्र |

१) न्युनतम योग्यता

क) जनस्वास्थ्य अधिकृत (अधिकृत सातौं)

- मान्यता प्राप्त विश्वविद्यालय वा शिक्षण संस्थाबाट जनस्वास्थ्य संकायमा स्नातक (BPH) वा सो सरहको उपाधि प्राप्त गरी नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता तथा नवीकरण भएको,

ख) हे.अ. (सहायक पाचौं)

- मान्यता प्राप्त शिक्षण संस्थाबाट जनरल मेडिसिन (GM) उतीर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता भई नवीकरण गरिएको,

ग) मनोपरामर्शकर्ता (सहायक पाचौं)

- मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्व विद्यालयबाट पब्लिक हेल्थ/नर्सिङ/मनोविज्ञान/समाजशास्त्र/सोसियल वर्क/स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उत्तीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको,
- मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण पत्र भएकोलाई विशेष प्राथमिकता दिइनेछ,

घ) अ.हे.ब. (सहायक चौथो)

- मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.ब. (AHW) कोर्ष वा सो सरह उत्तीर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता भई नवीकरण गरिएको,

ङ) अ.न.मी. (सहायक चौथो)

- मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. (A.N.M.) कोर्ष वा सो सरह उत्तीर्ण गरी नेपाल नर्सिङ काउन्सिलमा दर्ता भई नवीकरण गरिएको,



Scanned with CamScanner

# आठराई त्रिवेणी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## हाङपाङ, ताप्लेजुङ

पत्र संख्याः २०८२/८३

२) दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:

(क) व्यक्तिगत विवरण सहितको दरखास्त फारम (ख) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि

(ग) नेपाली नागरिकताको प्रतिलिपि (पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेद्वार स्वयम्ले हस्ताक्षर गरी प्रमाणित गरेको हुनुपर्नेछ ।)

३) दरखास्त फारम पाउने स्थानः आठराई त्रिवेणी गाउँपालिका कार्यालय, हाङपाङ, ताप्लेजुङ वा गाउँपालिकाको वेवसाईट https://aathraitribenimun.gov.np/ बाट Download गर्न सकिनेछ ।

४) दरखास्त दिने तरिकाः बुँदा नं. ३ मा उल्लिखित कागजातहरु स्वयं प्रमाणित गरी एवं तोकिएको दस्तुर बुँदा नं. ५ मा उल्लेख भए बमोजिम तोकिएको राजश्व जम्मा गरी सक्कल भौचर संलग्न राखि गाउँकार्यपालिकाको कार्यालय हाङपाङमा बुझाउने वा यस कार्यालयको इमेल ठेगाना aathrai.tribenimun@gmail.com मा अन्य आवश्यक कागजात सहित रीतपुर्वकको आवेदन फारम भरी हुलाक, इ-मेल मार्फत वा स्वयं उपस्थित भई आवेदन दिनुपर्नेछ । अन्तर्वार्ताको दिन सबै प्रमाणपत्रहरुहरुको सक्कलै प्रति लिई उपस्थित हुनुपर्नेछ ।

(नोटः विदेशी वोर्डबाट उर्तिर्ण गरेको भएमा समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।)

५) दस्तुर बुझाउने तरिकाः-

| | |
|---|---|
| कार्यालय कोडः-८०१०१५०१३०० | राजश्व शिर्षक नं. १४२२४ |
| प्रयोजनः- परिक्षा शुल्क बापत | राजश्व खाता नं. २६७०१००३०१०१०००२ |
| बैंडकको नामः-राष्ट्रिय वाणिज्य बैंडक | शाखाः- हाङपाङ,ताप्लेजुङ । |

६) परिक्षाको किसिमः- आठराई त्रिवेणी गाउँपालिकामा करारमा प्राविधिक व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७५, बमोजिम

७) उम्दवारको उमेर हदः- १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको एबं महिला र अपांगका लागि ४० वर्ष ननाघेको ।

८) कार्यविविरण, सेवाशर्त तथा तलव सुविधाः सम्वन्धित सेवा, समूह तथा उपसमूह सम्बन्धी नेपाल सरकारले तोके बमोजिम, नेपाल सरकारको प्रचलित स्केल बमोजिम हुनेछ र अन्य सेवा सुविधा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

८) परीक्षा केन्द्रः- आठराई त्रिवेणी गाउँकार्यपालिकाको कार्यालय हाङपाङ ताप्लेजुङ ।

९) थप जानकारीका लागिः- सम्पर्क नं. ९८४७३२२९८७, ९८६२७६६८१२, ९८४६९२६३०७

इमेलः aathrai.tribenimun@gmail.com

नोटः यस सूचनामा उल्लेख भए बाहेकका विषयहरु प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा रहेको उम्मेदवार छनौट तथा सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

समिर प्रधान

नि. प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner